# संघीय संसद
# प्रतिनिधि सभा

चौथो अधिवेशन

## बैठक संख्या - ६०

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ ३० गते सोमबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम)लाई समय दिनुहुँदा उहाँले नेपालगञ्जमा नेपाली काँग्रेसको राष्ट्रिय जागरण कार्यक्रममा भएको घटनाका सम्बन्धमा दिइएको किटानी जाहेरी दर्ता भैसकेकोले सो सम्बन्धमा अविलम्ब प्रभावकारी कानुनी कारवाही अगाडि बढाउनको लागि सभामुखबाट सरकारलाई निर्देशन होस् भन्नुभयो ।

तदुपरान्त मा० श्री नन्दलाल रोका क्षेत्रीले नेपालगञ्ज घटनाका सम्बन्धमा वास्तविकता अर्कै रहेको भन्दै नेपाली काँग्रेस जस्तो जिम्मेवार पार्टीबाट घटनाको वास्तविकता मोडिएको भन्दै घटनाको विवरण भन्न थाल्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएर विरोध गर्न थाल्नुभयो र सम्माननीय सभामुखले मा० सदस्यहरुलाई आ-आफ्नो स्थान ग्रहण गर्न अनुरोध गर्नुहुँदा पनि नेपाली काँग्रेसका मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आई नारा लगाउन शुरु गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएका विषयहरुप्रति सरकारको ध्यानाकर्षण भैसकेको र मा० गृहमन्त्रीबाट समेत जवाफ आइसकेकोले आ-आफ्नो आशन ग्रहण गर्नुहुन आग्रह गर्नुहुँदा पनि उहाँहरुले नारा लगाउने कार्य नरोकेपछि बैठक २०७६ साल असोज १ गते बिहान ११:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल असोज १ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव